जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ९६ पृष्ठः ४ | २०८३ साउन १९ मंगलबार (Tuesday 04 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिराहाको सखुवानन्कारकट्टीमा सामाजिक सद्भाव र्‍याली




**मणिलाल विश्वकर्मा**

लहान, १८ साउन। सिराहाको सखुवानन्कारकट्टी गाउँपालिकाका स्थानीय सामुदायिक अगुवाहरूको पहलमा सामाजिक सद्भाव र्‍याली निकालिएको छ। सुनसरी तथा सिरहाको गोलबजारको घटनापछि सामुदायिक तहमा आपसी मेलमिलाप तथा सौहार्दताका लागि र्‍याली निकालिएको गाउँपालिका अध्यक्ष केदारनाथ यादवले जानकारी दिए। र्‍यालीमा स्थानीय विभिन्न समुदायका अगुवा तथा सर्वसाधारणको सहभागिता रहेको उनले बताए।

खैरबानीस्थित गाउँकार्यपालिका परिसरबाट निस्किएको र्‍याली पालिकाअन्तर्गतका मुख्य चोक तथा बस्तीहरू पुगेर सामाजिक सद्भावका लागि अनुरोध गरिएको स्थानीय घुरन महराले बताए। गोलबजारमा चार दिनअघि एकजनाको ज्यान जाने गरी उग्र प्रदर्शन भए पनि जिल्लाका अन्य ठाउँमा अवस्था तुलनात्मक रूपले सामान्य रहयो।

स्थानीय प्रशासनले गोलबजार र लहानमा लगाएको कर्फ्यु हटाइएपछि अवस्था सामान्य हुँदै गएको छ।

## साम्प्रदायिक तनावले खरानी बनायो व्यवसाय : गोलबजारका तीनवटा पसलमा ३० करोडभन्दा बढीको क्षति

**मुकेश कुमार यादव**



सिरहा, १८ साउन। सुनसरीको देवानगञ्जमा दुई समुदायबीच भएको झडपको प्रभाव सिरहाको गोलबजारसम्म फैलिँदा भएको हिंसा, आगजनी र तोडफोडबाट ठूलो आर्थिक क्षति भएको छ। गोलबजारका तिन व्यवसायमा मात्रै घरबाहेक करिब ३० करोड रुपैयाँभन्दा बढीको क्षति भएको अनुमान गरिएको हो।

साउन १० गतेबाट सुनसरीमा सुरु भएको साम्प्रदायिक तनावको असर साउन १३ र १४ गते सिरहाको गोलबजारमा प्रदर्शनका क्रममा देखिएको थियो। प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर एकजनाको मृत्यु भयो भन्ने एकजना घाइते भएका थिए। औरही गाउँपालिका २ तुल्सीपुरका १५ वर्षीय गणेश यादवको मृत्यु भएपछि स्थिति थप तनावग्रस्त बनेको थियो। त्यसपछि उग्र बनेको भीडले मुस्लिम समुदायका घर तथा व्यवसायमा आगजनी र तोडफोड गरेको थियो।

प्रत्यक्षदर्शीका अनुसार बिहीबार बिहान करिब दिउसो१ बजे गोलबजार नगरपालिका ११ का वडा अध्यक्ष सोहेव अनवरसहित करिब २० वटा मोटरसाइकलमा दुइदेखि तिनजना सबार भइ आएका व्यक्तिहरू गोलबजार प्रवेश गरेका थिए। ठुलो संख्यामा आएका केहीले धारिलो हाथ हतियार समेत बोकेको र अर्को पक्षलाइ गालीगलौज तथा ढुंगामुढा सुरु गरेपछि दुई पक्षबीच झडप भएको स्थानीयले दाबी गरेका छन्। स्थानियले गरेको

–बाँकी तीन पेजमा

## लहानमा ग्यास लिन उपभोक्ताको भीड, माग बढ्दो

**जीवछ यादव**




लहान, १८ साउन। केही दिनदेखि असहज बनेको लहानको अवस्था सामान्य बन्दै गए पनि एलपी ग्यासको माग भने बढेको छ। मागअनुसार आपूर्ति हुन नसक्दा उपभोक्ताको चाप बढेको व्यवसायीले बताएका छन्। लहान–६ स्थित रिजाल ग्यासमा सोमबार सिलिन्डर आएपछि उपभोक्ताको ठुलो भीड लागेको थियो। माग उच्च भएपछि वितरण व्यवस्थापनमा समस्या देखिएपछि सुरक्षाकर्मी परिचालन गर्नुपरेको जिल्ला उद्योग वाणिज्य संघ लहान, सिरहाका अध्यक्ष प्रदीप गुप्ताले बताउनुभयो।

"केही महिनायता उपभोक्ताले ग्यास सिलिन्डर पाउन समस्या भएको गुनासो गर्दै आएका छन्। सहज आपूर्तिका लागि दुई–तीन पटक सरोकारवालासँग छलफल गरेर पहल पनि गरिएको छ," उहाँले भन्नुभयो, "अहिले फेरि उपभोक्ताको चाप बढेको छ। समस्या समाधानका लागि पहल गरिरहेका छौँ।" ग्यास सिलिन्डर आएपछि उपभोक्ताले एकैपटक बढी मात्रामा

–बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

**बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## मलमा व्यवस्थापनको संकट

कृषि प्रधान देशको पहिचान बोकेको नेपालमा किसानले सबैभन्दा बढी संघर्ष गर्नुपर्ने विषयमध्ये रासायनिक मलको उपलब्धता अझै पनि प्रमुख समस्याका रूपमा कायम छ। सरकारले ७० प्रतिशत अनुदानमा मल उपलब्ध गराउने नीति लिएको वर्षौं भइसक्यो। तर, नीति राम्रो भए पनि त्यसको कार्यान्वयन कमजोर हुँदा किसानले प्रत्येक बाली सिजनमा मलका लागि लाइन बस्ने, सिफारिस खोज्ने, आवश्यक परिमाण नपाउने र कालोबजारीको मार खेप्ने नियति दोहोरिँदै आएको छ। यसले सरकारको कृषि नीतिमाथि नै गम्भीर प्रश्न उठाएको छ।

मल अभावको समस्या अहिले केवल आपूर्तिको मात्र होइन, व्यवस्थापनको पनि हो। संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कृषियोग्य जमिनका आधारमा प्रत्येक पालिकालाई मलको कोटा निर्धारण गर्ने स्पष्ट व्यवस्था छ। त्यसका लागि स्थानीय तहमा उपप्रमुख वा उपाध्यक्षको नेतृत्वमा मल वितरण व्यवस्थापन समिति समेत गठन गरिएको हुन्छ। तर, यस्ता समिति कागजमा सीमित हुँदा डिलरसम्म पुगेको मल पनि वास्तविक किसानको हातमा पुग्न सकेको छैन। परिणामस्वरूप पर्याप्त मौज्दात हुँदाहुँदै किसानले आवश्यक परिमाणको मल पाउन सकिरहेका छैनन्।

धनुषाका किसानहरूले व्यक्त गरेका गुनासा कुनै एक पालिकाको समस्या मात्र होइनन्। आवश्यकताअनुसार एक बोरा मल माग्दा १०–२० किलो मात्र उपलब्ध गराइने, बाँकी मल पछि महँगो मूल्यमा बिक्री हुने, पहुँचवालाले प्राथमिकता पाउने र वास्तविक कृषक वञ्चित हुने अवस्था मुलुकका धेरै जिल्लामा देखिने साझा समस्या बनिसकेको छ। अनुदान किसानका लागि हो कि केही सीमित व्यापारी र बिचौलियाको लाभका लागि भन्ने प्रश्न यस्ता घटनाले जन्माएका छन्।

नेपालको अर्थतन्त्रमा कृषिको योगदान अझै पनि महत्वपूर्ण छ। लाखौं परिवारको आय, खाद्य सुरक्षा र ग्रामीण अर्थतन्त्र खेतीपातीमै निर्भर छ तर किसानले सिँचाइ, बीउ, मजदुरी र मल सबै क्षेत्रमा बढ्दो लागत व्यहोर्नुपरेको छ। त्यसमाथि समयमा मल नपाउँदा उत्पादन नै घट्ने जोखिम बढ्छ। उत्पादन घटेपछि किसानको आम्दानी घट्छ, देशको खाद्य सुरक्षा कमजोर बन्छ र अन्ततः आयातमा निर्भरता झन् बढ्छ। यस्तो दुष्चक्रलाई रोक्न राज्य गम्भीर हुनैपर्छ।

सरकारले यस वर्ष अघिल्ला वर्षहरूको तुलनामा केही छिटो मल आयात र वितरण गर्न सफल भएको तथ्य सकारात्मक हो। कृषि सामग्री कम्पनी लिमिटेडका तथ्यांकले पनि आपूर्ति क्रम सुधारिएको देखाउँछन्। तर, मल गोदामसम्म पुग्नु मात्रै सफलता होइन। त्यो सही समय, सही किसान र आवश्यक परिमाणमा पुग्नु नै वास्तविक उपलब्धि हो। वितरण प्रणाली नै अव्यवस्थित रहेपछि आयात बढेको तथ्यांकले मात्र किसानको पीडा कम गर्दैन।

स्थानीय तहको भूमिका यहाँ सबैभन्दा निर्णायक देखिन्छ। मल वितरण व्यवस्थापन समितिले प्रत्येक वडाको वास्तविक मागको तथ्यांक अद्यावधिक गर्नुपर्छ। डिलरहरूले कुन किसानलाई कति मल बिक्री गरे भन्ने अभिलेख नियमित रूपमा परीक्षण हुनुपर्छ। वितरण प्रक्रियालाई डिजिटल अभिलेखमा जोड्ने, सार्वजनिक सूचना प्रणाली लागू गर्ने र अनियमितता गर्ने डिलर तथा सम्बन्धित पदाधिकारीमाथि कडा कारबाही गर्ने व्यवस्था भए मात्र पारदर्शिता सुनिश्चित गर्न सकिन्छ। अन्यथा अनुदानको उद्देश्य नै विफल हुनेछ।

यससँगै सरकारले दीर्घकालीन समाधानतर्फ पनि ध्यान दिनुपर्छ। रासायनिक मलमा पूर्ण आयात निर्भरता घटाउने, स्वदेशमै मल उद्योग स्थापना गर्ने, प्राङ्गारिक मल उत्पादनलाई प्रोत्साहन गर्ने तथा वैज्ञानिक कृषि प्रणाली विस्तार गर्ने नीति अब टार्न सकिने विषय होइन। प्रत्येक वर्ष उही समस्या दोहोरिने र त्यसपछि अस्थायी समाधान खोज्ने प्रवृत्तिले कृषि क्षेत्रलाई दिगो बनाउँदैन।

किसानलाई अनुदान घोषणा गर्नु मात्र राज्यको दायित्व पूरा भएको मान्न सकिँदैन। त्यो अनुदान वास्तविक किसानसम्म निष्पक्ष रूपमा पुग्नु नै सफल शासनको मापदण्ड हो। यदि स्थानीय तहले आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न सकेन भने संघीय संरचनाको औचित्यमाथि नै प्रश्न उठ्नेछ। किसानलाई मलका लागि सास्ती होइन, सहज पहुँच दिन सक्ने वितरण प्रणाली निर्माण गर्नु आजको सबैभन्दा ठूलो आवश्यकता हो। कृषि उत्पादन बढाउने लक्ष्य भाषणले होइन, प्रभावकारी व्यवस्थापन र जवाफदेही कार्यान्वयनले मात्र पूरा हुन्छ।

# मत्थर हुँदै तराई मधेसको तनाव, बिस्तारै लयमा फर्कंदै मधेश



काठमाडौं, १८ साउन। सुनसरीको देवानगन्ज–३, कप्तानगन्जमा भएको घटनापछि अशान्त बनेका कोशी र मधेश प्रदेश बिस्तारै लयमा फर्कंदै छन्। सरकार, विपक्षी दल, नागरिक समाज, विभिन्न धर्मका गुरु, संघसंस्था र जिल्लास्थित स्थानीय समुदायले सद्भाव कायम गर्न गरिएका सर्वपक्षीय संवाद, र्‍याली र सुरक्षा व्यवस्थाले तनाव कम हुँदै गएको हो।

धनुषा प्रशासनले जनकपुरधाम उपमहानगरपालिकासहितका क्षेत्रमा जारी निषेधाज्ञा हटाउने भएको छ। जिल्ला प्रशासन कार्यालय धनुषाले आइतबार सूचना जारी गर्दै जिल्ला सुरक्षा समितिको निर्णयअनुसार सोमबारदेखि निषेधाज्ञा पनि हटाइने जनाएको हो। प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलद्वारा जारी सूचनाअनुसार आन्दोलनरत पक्षले आफ्ना सबै आन्दोलनका कार्यक्रम फिर्ता लिएको, सुरक्षा अवस्था सुधारोन्मुख रहेको तथा जनजीवन सामान्य बन्दै गएको निष्कर्षपछि निषेधाज्ञा हटाउने निर्णय गरिएको हो।

प्रशासनले जिल्लाको पछिल्लो सुरक्षा अवस्थाको विश्लेषणका आधारमा जिल्ला सुरक्षा समितिको बैठकले उक्त निर्णय गरेको जनाएको छ। कप्तानगन्ज घटनाको विरोधमा जनकपुरमा प्रदर्शन उग्र बनेपछि जिल्ला प्रशासन धनुषाले बिहीबारदेखि लगाएको कर्फ्यु शनिबारबाट हटाएको छ। कर्फ्यु हटेसँगै जनकपुरमा सर्वसाधारणको चहलपहल बढेको छ। 'जनकपुरको स्थिति धेरै हदसम्म नियन्त्रणमा छ,' धनुषाका प्रमुख जिल्ला अधिकारी लुइँटेलले भने, 'सर्वपक्षीय बैठकमा सहमति भएसँगै शनिबार बिहान निकालिएको सद्भाव यात्राले सर्वसाधारणलाई ढुक्क बनाएको छ।'

सप्तरीमा बिहीबार रातिदेखि जारी गरिएको कर्फ्यु आइतबार दिउँसोबाट हटाइएको छ। जिल्ला प्रशासन कार्यालयले सूचना जारी गर्दै बोदे बरसाइन र राजविराज क्षेत्रमा लगाइएको कर्फ्यु हटाई त्यस क्षेत्रमा निषेधाज्ञा जारी गरिएको जानकारी गराएको हो। आइतबार दिउँसो बसेको जिल्ला सुरक्षा समितिको बैठकबाट भएको निर्णयअनुसार यसअघि कर्फ्यु जारी गरिएको चारकिल्ला क्षेत्रमा निषेधाज्ञा जारी गरिएको प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले बताए।

उनका अनुसार निषेधाज्ञा जारी गरिएको चारकिल्लाभित्र ५ जनाभन्दा बढी व्यक्ति भेला हुन, सभा, जुलुस, धर्ना तथा प्रदर्शन गर्न पाइने छैन। बोदे बरसाइनमा पूर्वमा हुलाकी राजमार्गस्थित खडक पुलदेखि पश्चिममा पृत्तमपुर चोकसम्म तथा उत्तरमा नेंगडा चोकदेखि दक्षिणमा मानराजा चोकसम्मलाई चारकिल्ला तोकिएको छ भने राजविराजमा पूर्वमा खाडो खोलादेखि पश्चिममा हुलाकी राजमार्गस्थित जमुनी थलहीसम्म तथा उत्तरमा रूपनी रोडको बसबिट्टी चोकदेखि दक्षिणमा कोशी पश्चिमी मूल नहरसम्मको चारकिल्ला तोकेर निषेधाज्ञा जारी गरिएको छ। जिल्ला प्रशासन कार्यालय सुनसरीले जिल्लाको सुरक्षा अवस्था क्रमशः सुधारोन्मुख बन्दै गएको निष्कर्ष निकाल्दै चार स्थानीय तहमा जारी निषेध आदेशलाई सोमबार बिहान १० बजेसम्म निरन्तरता दिएको छ।

यसअघि जिल्लाका १० स्थानीय तहमा लागू गरिएको निषेध आदेश आइतबारदेखि देवानगन्ज, भोक्राहा नरसिंह, कोशी र हरिनगर गाउँपालिकामा मात्र सीमित गरिएको थियो। सुरक्षा अवस्था अझै पूर्ण रूपमा सामान्य भइनसकेको निष्कर्षसहित प्रशासनले ती चार स्थानीय तहमा निषेध आदेशलाई थप समय कायम राखेको हो। प्रशासनका अनुसार जिल्लामा विकसित पछिल्ला घटनाक्रम र सुरक्षा अवस्थाको समीक्षा गर्दा अधिकांश क्षेत्रमा अवस्था सामान्य बन्दै गएको पाइएपछि अन्य स्थानीय तहबाट निषेध आदेश हटाइएको हो। यद्यपि संवेदनशील मानिएका चार गाउँपालिकामा भने शान्ति–सुरक्षा पूर्ण रूपमा सुनिश्चित नभएकाले आदेशलाई निरन्तरता दिइएको जनाएको छ।

सिरहाको गोलबजार क्षेत्रमा लगाइएको कर्फ्यु जिल्ला प्रशासनले आइताबार साँझ ७ बजेदेखि हटाएसँगै जिल्लाको अवस्था सामान्य बनेको छ। नेपालगन्ज, हेटौंडालगायतका ठूला सहर तथा अन्य विभिन्न जिल्लामा शनिबार सद्भाव र्‍याली निकालिएको छ भने सुनसरी, सप्तरीलगायतका विभिन्न स्थानमा आइतबार सद्भाव र्‍याली निकालिएको छ। कप्तानगन्जमा प्रहरीको गोली लागेर ज्यान गुमाएका दुई युवाको शव घटनाको पाँच दिनपछि परिवारले बुझेर अन्त्येष्टि गरेसँगै जनजीवन सामान्य बन्दै गएको छ। सरकारसँग सहमति गरेर शुक्रबार राति मृतकको अन्त्येष्टि गरिएपछि जनजीवन सामान्य बन्दै गएको हो। यद्यपि एक सातादेखि गाउँमा फैलिएको त्रास, अविश्वास र तनाव भने अझै पूर्ण रूपमा हट्न नसकेको स्थानीय जुगेश दासले बताए।

गत आइतबार राति दुई समूहबीच भएको विवाद नियन्त्रणका क्रममा प्रहरीले चलाएको गोली लागेर देवानगन्ज–४ का २५ वर्षीय ओमप्रकाश मेहताको घटनास्थलमै ज्यान गएको थियो। सोही घटनामा गम्भीर घाइते भएका देवानगन्ज–३ का २२ वर्षीय जयप्रकाश मेहताको उपचारका क्रममा बिहीबार विराटनगरस्थित न्युरो अस्पतालमा मृत्यु भएको थियो। शुक्रबार कोशी अस्पतालमा पोस्टमार्टम सम्पन्न भएपछि दुवै जनाको शव परिवारलाई बुझाइएको थियो। शव बुझाउने विषयमा शुक्रबार पनि केहीबेर अन्योल देखिएको थियो। गृहमन्त्री सुधन गुरुङको उपस्थितिमा बिहीबार रातभर चलेको वार्तापछि सरकार र पीडित पक्षबीच सातबुँदे सहमति भए पनि केही स्थानीयले सहमति तत्काल कार्यान्वयन हुने सुनिश्चितता नभएको भन्दै शव लिन रोक्ने प्रयास गरेका थिए। पछि थप छलफलपछि परिवार शव बुझ्न सहमत भएको थियो। शव परिवारलाई जिम्मा लगाएर अन्त्येष्टि गरेपछि अवस्था केही सहज बने पनि कप्तानगन्जमा सुरक्षा व्यवस्था अझै कडा राखिएको छ।

स्थानीय बलराम मेहताले घटनाले वर्षौंदेखि कायम रहेको सामाजिक सद्भावमा असर पुगेकाले सम्बन्धलाई पुनः सामान्य बनाउन स्थानीय जनप्रतिनिधि, समुदायका अगुवालगायत सबैले संयमता र धैर्यता अपनाउनुपर्ने बताए। देवानगन्ज गाउँपालिकाका अध्यक्ष बेचनप्रसाद मेहताले सरकारले सहमतिअनुसार राहत वितरण र दोषीमाथि कारबाही प्रक्रिया अघि बढाएपछि वातावरण बिस्तारै सहज बन्ने अपेक्षा व्यक्त गरे। सरकार र पीडित पक्षबीच भएको सातबुँदे सहमतिअनुसार मृतकका परिवारलाई जनही १० लाख रुपैयाँ राहत उपलब्ध गराइने, मृतकलाई सहिद घोषणा गर्ने प्रक्रिया अघि बढाइने, घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गरिने, परिवारका एक–एक जना सदस्यलाई रोजगारीको व्यवस्था मिलाइने तथा मृतकको सम्झनामा स्मृति पार्क निर्माण गरिने उल्लेख छ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले मृतकको अन्त्येष्टिपछि तनाव क्रमशः कम हुँदै गएको बताए। उनका अनुसार अवस्था पूर्ण रूपमा सामान्य भइनसकेकाले निषेधाज्ञा आदेश कायम राखिएको र सुरक्षा निगरानी उच्च बनाइएको छ। जिल्ला प्रशासन कार्यालयले आइतबार सर्वदलीय बैठक बसेर स्थानीयस्तरमा सद्भाव कायमका लागि आग्रह गरेको छ। यस्तै सुनसरीका अधिकांश स्थानीय तहले आइतबार सद्भाव र्‍याली निकालेका छन्।

सुनसरी घटनापछि अशान्त बनेको सिरहा पनि शान्त बन्दै गएको छ। तनावपछि शान्ति कायम गर्न भएका सरकारी निकाय, राजनीति दल र नागरिक समाजको संयुक्त प्रयासले सिरहामा शान्त हुँदै गएको हो। सिरहाको गोलबजार र लहानमा भने बिहीबार स्थिति तनावग्रस्त बनेपछि आसपासमा कर्फ्यु लगाइएको थियो। यस क्रममा गोलबजारमा सुरक्षाकर्मीले गोली चलाउँदा औरही गाउँपालिका–२ तुलसीपुरका १५ वर्षीय गणेश यादवको ज्यान गयो भने धनुषाको धनुषाधाम नगरपालिका–८ धारापानी कुम्हराका १९ वर्षीय सुभाष ठाकुर गोली लागेर घाइते छन्।

प्रदर्शनका क्रममा गोलबजारका विभिन्न व्यावसायिक प्रतिष्ठान, पसलमा तोडफोड र आगजनी भएको थियो। जसका कारण गोलबजार बिहीबार मध्यरातसम्म अशान्त बनेको थियो। त्यसपछि कर्फ्यु कायम राख्दै बाक्लो संख्यामा सुरक्षाकर्मी परिचालन भयो र अवस्था नियन्त्रणमा आएको हो। यस्तै, जिल्लाका विभिन्न स्थानमा शुक्रबार विभिन्न राजनीतिक दल, नागरिक समाज, धार्मिक अगुवा, सचेत युवालगायतले संयुक्त रूपमा सर्वपक्षीय सद्भाव र्‍याली निकालेका थिए। यी प्रयासपछि अवस्था सामान्य बन्दै गएको हो।

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलका अनुसार लहानमा शनिबार बिहान १० बजेदेखि कर्फ्यु हटाइएको छ। गोलबजारमा कर्फ्यु यथावत् रहे पनि दिउँसो ३ देखि ५ बजेसम्मका लागि खुकुलो पारिएको छ। 'गोलबजारमा पनि अहिले अवस्था सामान्य बनेको छ,' प्रमुख जिल्ला अधिकारी पौडेलले भने, 'अवस्था पनि विश्लेषण गरी चाँडै आवश्यक सकारात्मक निर्णय लिन्छौं।'

मिर्चैयाका चिरञ्जीवी यादवले सामाजिक एकता र सर्वपक्षीय प्रयासले स्थिति सामान्य बन्दै गएको बताए। उनले भने, 'सबैको

–बाँकी तीन पेजमा

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
हुलाक निर्देशनालय, धनुषा, जनकपुरधाम

## जिल्ला हुलाक कार्यालय, सिरहा

### मौजुदा सूचीको सूचना प्रकाशन सम्बन्धमा

**मिति : २०८३।०४।१८**

उपर्युक्त सम्बन्धमा यस कार्यालयको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने विभिन्न सामाग्री तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (संशोधनसहित) मा भएको कानुनी व्यवस्था बमोजिम तपसिल तपसिल बमोजिमको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले यस कार्यालयको मौजुदा सूचीमा दर्ता हुनको लागि आ.व. २०८२।०८३ को व्यवसाय नविकरण भएको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रसहित स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहितको निवेदन सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २(क) बमोजिमको ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र पेश गर्नु हुन अनुरोध छ।

**तपसिल :**

- इन्टरनेट, टेलिफोन, केवल, टि.भी., चिठी पत्र वितरण, यातायात लगायत कनेक्टिभिटी सम्बन्धी सेवाहरु,
- छपाई, प्रकाशन तथा प्रसारण सम्बन्धी सेवाहरु,
- इन्टरनेट सेवा जडान र मर्मत सम्बन्धी सेवा,
- टेलिपोन नेटवर्क, ईलेक्ट्रिकल प्रणाली जडान, पाटपूर्जा आपूर्ति, मर्मत सम्बन्धी कार्य,
- कम्प्यूटर, प्रिन्टर, फोटोकपी जस्ता विद्युतीय सामान पार्ट आपूर्ति र मर्मत सम्भार सम्बन्धी कार्य,
- सवारी साधन मर्मत एवं स्पेयरपार्टस आपूर्ति सम्बन्धी
- फर्निचर, पर्निसिङ तथा दराज आपूर्ति र मर्मत सम्भार कार्य,
- मसलन्द तथा कार्यालय सामाग्री आपूर्ति सम्बन्धी
- भवन तथा पूर्वाधार निर्माण, मर्मत तथा सम्भार कार्य सम्बन्धी,
- खाजा र पानी आपूर्ति सम्बन्धी
- पुस्तक, पत्रपत्रिका, जर्नल लगायतका पाठ्य सामाग्रीहरु आपूर्ति सम्बन्धी,
- इन्धन आपूर्ति सम्बन्धी कार्य,
- अन्य जनरल अर्डरका सामाग्रीहरु,
- अन्य कार्यालय सामाग्रीहरु आपूर्ति सम्बन्धी कार्य,
- इलेक्ट्रिक सामान तथा पार्टपूर्जा,
- खानेपानी आपूर्ति ।

**राम किशोर महतो**
**हुलाक अधिकृत**


# पानी मिसिएको इन्धन बेचेकोमा आयल निगमलाई ११ करोड जरिबाना

काठमाडौं, १८ साउन। गुणस्तरहीन इन्धन आपूर्ति गरेको पुष्टि भएपछि नेपाल आयल निगमले नेपाल विद्युत् प्राधिकरणलाई ११ करोड रुपैयाँभन्दा बढी क्षतिपूर्ति तिर्नुपर्ने भएको छ। नेपाल विद्युत् प्राधिकरणले सुनसरीको दुहवीस्थित डिजेल जेनेरेटर प्लान्टका लागि नेपाल आयल निगमबाट फर्नेस आयल खरिदको सम्झौता गरेको थियो।

उक्त इन्धनमा बढीमा एक प्रतिशतसम्म पानीको मात्रा हुनुपर्नेमा २६ प्रतिशतसम्म पानी भेटिएको भन्दै प्राधिकरण निगम विरुद्ध अदालत गएको थियो। करिब ११ वर्ष पुरानो घटनामा सर्वोच्च अदालतले गुणस्तरहीन इन्धन उपलब्ध गराएकोमा नेपाल आयल निगमलाई दोषी ठहर गरेको हो। गुणस्तरहीन तेल उपलब्ध गराएपछि नियमले नेपाल विद्युत् प्राधिकरणलाई ११ करोड २१ लाख रुपैयाँ तिर्नुपर्ने फैसला भएको छ।

**इन्धनमा एक चौथाई पानी**

ऊर्जा संकट न्यूनीकरण गर्न नेपाल विद्युत् प्राधिकरणले सुनसरीको दुहवीमा मल्टिफ्युल पावर प्लान्ट आयोजना सुरु गरेको थियो। प्राधिकरणले विद्युत् उत्पादन गर्ने आवश्यक पर्ने फर्नेस तेल नेपाल आयल निगमबाट आपूर्ति गर्ने सम्झौता गरेको थियो। फर्नेस तेल डिजेलभन्दा केही बाक्लो इन्धन हो, जुन ठूला मेसिन र उपकरण प्रयोग हुने उद्योगहरूमा आवश्यक पर्छ।

नेपाल आयल निगमसँगको सम्झौतामा विद्युत् प्राधिकरणले आफूलाई आपूर्ति हुने इन्धनमा पानीको मात्रा तीन प्रतिशत भन्दा कम हुनुपर्ने भनी सर्त तोकेको थियो, जसमा निगम सहमत भएको थियो। सम्झौतापछि निगमले भारतीय आयल कर्पोरेसनबाट इन्धन खरिद गरी आपूर्ति गर्न थाल्यो। प्लान्ट सञ्चालन भएको केही दिनमा नै त्यसका उपकरणहरूमा खराबी देखिन थाल्यो। त्यसक्रममा विद्युत् प्राधिकरणका प्राविधिकहरूले सोधखोज गर्न थाले।

नेपाल आयल निगमले भारतको बरौनी प्रशोधन प्रयोगशालामा परीक्षण गर्दा पानीको मात्रा शून्य दशमलव दुई प्रतिशत मात्रै थियो। उनीहरूले उपकरणहरूमा एकाएक खराबी आउन थालेका कारणहरू खोज्न थाले। फागुन, २०७० मा नेपाल विद्युत् प्राधिकरणले आफ्नो भण्डारणमा रहेको इन्धनलाई परीक्षणका लागि नेपाल गुणस्तर तथा नापतौल विभागमा पठाए। विभागले इन्धनमा पानीको मात्रा अत्यधिक रहेको भनी प्रतिवेदन दियो।

आयल निगमले उपलब्ध गराएको फर्नेस आयलमा अत्यधिक पानीको मात्रा भेटिएपछि नेपाल विद्युत् प्राधिकरण कानुनी उपचारमा गयो। प्राधिकरणले गुणस्तरहीन इन्धनका कारण आफ्ना उपकरणमा क्षति पुगेको र विद्युत् उत्पादनमा नोक्सानी भएको भनी जिल्ला अदालत काठमाडौंमा क्षतिपूर्तिको मागदाबी सहित मुद्दा हाल्यो। प्राधिकरणको दाबी अनुसार, गुणस्तरहीन इन्धनका कारण आर्थिक वर्ष २०६९/७० मा र अर्को वर्ष ६३५ किलोलिटर इन्धनको रकम भुक्तानी गरेकोकोमा त्यसको क्षतिपूर्ति दिनुपर्छ। उसले प्रति किलोलिटर ८९ हजार ८९० का दरले ५ करोड ७० लाख रुपैयाँ क्षतिपूर्ति मागेको थियो।

गुणस्तरहीन भएको थाहा पाएपछि भण्डारण रित्तो बनाउँदा ३२१ किलोलिटर(एक हजार लिटरको एक किलोलिटर हुन्छ) इन्धन प्रयोगविहीन भएकाले क्षतिपूर्ति पाउनुपर्ने प्राधिकरणले थप दुई करोड ८८ लाख रुपैयाँ माग्यो। अनि उपकरणको क्षतिमा ५ करोड ५० लाख र मर्मतमा ८ लाख ३० हजार समेत दाबी गऱ्यो। प्लान्टबाट क्षमता अनुसार विद्युत् उत्पादन नभएको भन्दै प्राधिकरणले ४५ लाख युनिट विद्युत् नोक्सानी भएको भनी प्रतियुनिट ८ रुपैंया ७० पैसाका दरले थप ३ करोड ९३ लाख पाउनुपर्ने माग गरेको थियो। उसले मागदाबी गरेको कुल क्षतिपूर्ति रकम १८ लाख ११ हजार रुपैयाँ थियो।

तर नेपाल आयल निगम त्यो आरोप स्वीकार गर्न तयार भएन। दाबी अनुसार, निगमले फर्नेस आयल सञ्चित गरेर बिक्री गरेको थिएन। विद्युत् प्राधिकरणले माग गरेपछि भारतीय आयल कर्पोरेसनसँग खरिद गरेर आफूकहाँ भण्डारण नगरी सोझै प्राधिकरणको प्लान्टमा पुऱ्याइदिने गरेको थियो। त्यसमाथि इन्धन आपूर्ति गर्न थालेको करिब एक वर्षपछि विद्युत् प्राधिकरणले गुणस्तरको प्रश्न उठाएको निगमको दाबी थियो। निगम र प्राधिकरण दुवै पूर्ण सरकारी स्वामित्वका संस्थानहरू भएकाले क्षतिपूर्ति दिन नसकिने उसको दाबी थियो।

नेपाल विद्युत् प्राधिकरणले जिल्ला अदालतमा पेस गरेको विवरण अनुसार, सुरुमा उसले आफैं नमुना संकलन गरेर परीक्षण गर्दा फर्नेस आयलमा १५ दशमलब २ र १६ प्रतिशत पानी भेटिएको थियो। त्यसपछि उसले जिल्ला प्रशासन कार्यालय, मोरङ र आयल निगमकै क्षेत्रीय उपप्रबन्धकको रोहबरमा आयल निगमको कार्यालयबाट इन्धनको नमुना लिएर जाँच्न पठाएको थियो। उनीहरूले १० वटा ट्याङकरबाट १० वटा नमुना लिएर परीक्षण गर्दा २३ दशमलब ७२ देखि २६ प्रतिशतसम्म पानी भेटिएको थियो।

**अदालतको आदेश, 'क्षतिपूर्ति देऊ'**

जिल्ला अदालत काठमाडौंले गुणस्तरीय इन्धन उपलब्ध नगराउनुमा नेपाल आयल निगमको गल्ती देख्यो र ११ करोड २१ लाख रुपैयाँ क्षतिपूर्ति भराउन आदेश दियो। क्षतिपूर्तिको फैसला सुनाएकोमा आयल निगम उच्च अदालत पुग्यो। अनि मागेजति क्षतिपूर्ति नपाएकोमा विद्युत् प्राधिकरण पनि उच्च अदालत गयो। उच्च अदालतले जिल्लाको फैसला उल्ट्याउँदै प्राधिकरणको दाबी पुग्न नसक्ने ठहर गऱ्यो। अनि उच्चको फैसला विरुद्ध प्राधिकरण फेरि सर्वोच्च अदालत गयो।

विद्युत् प्राधिकरणको दाबी थियो कि, निगमबाट उपलब्ध इन्धन प्रयोगको एक सातामै अस्वभाविक खराबी देखिएको थियो। दुई पक्षबीचको करारका क्रममा व्यापारिक गुणस्तरका शर्तहरू पालना नभएको उसको दाबी थियो। इन्धनमा मिसिएको पानीबापत मात्रै आफूले ५ करोड ७० लाख रुपैयाँ भुक्तानी गरेको भन्दै उसले त्यो सहित अरू क्षतिको हर्जाना तिर्नुपर्ने माग गरेको थियो।

सर्वोच्च अदालतले जिल्ला अदालतको फैसला सदर गर्दै प्राधिकरणलाई ११ करोड २१ लाख क्षतिपूर्ति तिर्नुपर्ने आदेश गऱ्यो। उसले प्राधिकरण र निगमबीच करार सम्झौता भएको र त्यसअनुसार गुणस्तरीय सामान उपलब्ध हुनुपर्ने व्याख्या गरेको हो। न्यायाधीशहरू कुमार रेग्मी र डा. मनोजकुमार शर्माको इजलासले आयल निगमले प्राधिकरणलाई गुणस्तरीय इन्धन उपलब्ध गराउन नसकेको ठहर गर्दै सम्झौता अनुसार क्षतिपूर्ति दिनुपर्ने भनेको हो। दुवै निकाय नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेपनि दुवैको फरक फरक कोष, सञ्चालक समिति र आम्दानी तथा खर्च व्यवस्थापन पद्धति रहेको भन्दै सर्वोच्च अदालतले त्यस्तो अवस्थामा निगमले प्राधिकरणलाई क्षतिपूर्ति तिर्नुपर्ने आदेश गरेको हो। ११ वैशाख २०८० मा सर्वोच्च अदालतले गरेको फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो।

'आयल निगमले गुणस्तरीय फर्निस आयल उपलब्ध गराउन नसकेको र सोही कारण प्राधिकरणले हानी नोक्सानी व्यहोर्नु परेको देखिन आयो,' नेपाल कानुन पत्रिकामा प्रकाशित फैसलाको पूर्णपाठमा भनिएको छ, 'करार उल्लंघन भए कुनै निश्चित क्षतिपूर्ति भराउने लिखित उल्लेख नभएपनि भुक्तानी गरेको रकम तथा प्राधिकरणका उपकरणमा भएको क्षति समेतलाई विचार गर्दा ११ करोड २१ लाख १८ हजार ८८६ रुपैयाँ क्षतिपूर्ति रकम निगमले प्राधिकरणबाट भराइ लिन पाउने ठहर्छ।'

## मत्थर हुँदै ...

प्रयासले अब स्थिति सामान्य भइसकेको छ, समाजमा द्वन्द्व चर्काएर लाभ लिन चाहनेहरूको प्रयास असफल सावित भएको छ।' सिरहाको गोलबजारमा भएको प्रदर्शनका क्रममा गोली लागेर मृत्यु भएका १५ वर्षीय गणेश यादवको शव परिवारलाई हस्तान्तरण गरिएको छ।

## साम्प्रदायिक...

दाबी र वडा अध्यक्ष अनवर सहित मोटरसाइकलमा गोलबजार तर्फ आइरहेको भिडियो समेत बहिरिएपछि वडा अध्यक्षको प्रत्यक्ष संलग्नता रहेको पुष्टि भएको देखिन्छ।

यता, वडा अध्यक्ष अनवरले भने, गाउँका युवाहरु बजारतिर जानथालेपछि उनिहरुलाइ सम्झाउन र आन्दोलन अझ नभड्किन दिन आफु त्याहा गएको स्वीकार गरे। उनले भने, मैले युवाहरूको आक्रोशलाइ सम्हाल्न आन्दोलनमा गएको हो। हिंसा भडकाउनेमा मेरो कुनै संलग्नता नरहेको उनको दाबी छ। झडप चर्किएपछि प्रहरीले गोली चलाएको र त्यसक्रममा एक जनाको मृत्यु र एकजना घाइते भएपछि भीड नियन्त्रणबाहिर गएको थियो। त्यसपछि विभिन्न स्थानमा रहेका मुस्लिम समुदायका घर तथा पसलमा आगजनी र तोडफोड भएको स्थानीयको भनाइ छ।

प्रारम्भिक विवरण अनुसार गोलबजार ६ स्थित नेहाल हार्डवेयरमा सबैभन्दा ठूलो क्षति भएको अनुमान गरिएको छ। स्थानीयका अनुसार घरबाहेक मात्रै करिब २३ करोड रुपैयाँभन्दा बढीको सामान जलेर नष्ट भएको छ। त्यस्तै, सिरहा सुपरमार्केट (एबी मल) मा करिब १ करोड रुपैयाँभन्दा बढीको क्षति भएको सञ्चालक मोहम्मद जफिरले बताएका छन्। उनले भने, तल्लो तलामा रहेका अधिकांश सामान आगोले पूर्ण रूपमा नष्ट गरिदियो। वर्षौंको लगानी एकैछिनमा खरानी भयो।

यस्तै, गोलबजार नगरपालिका ८ चोहर्वा चोकस्थित न्यू असलम बस्त्रालयमा पनि घरबाहेक करिब ५ करोड रुपैयाँ बराबरको क्षति भएको सञ्चालक अस्लम खानले बताएका। उनले, केही दिनअघि मात्रै दशैं, तिहार लक्षित करिब २ करोड रुपैयाँ बराबरको कपडा स्टक गरिएको थियो। चाडपर्वका लागि ल्याइएका सबै सामान जलेर नष्ट भए। दुई पुस्तादेखि यही व्यवसाय गर्दै आएका हामीलाई व्यवसाय मात्र होइनन्र बस्ने घरसमेत गुमाउनुपरेको प्रति दुःख व्यक्त गरे।

करिब ४५ वर्षदेखि चोहर्वा पुरानो चोकमा कपडा व्यवसाय गर्दै आएको परिवार अहिले पूर्ण रूपमा विस्थापित भएको उनले बताए। सरकारबाट न्याय, राहत र क्षतिपूर्तिको अपेक्षा रहेको उनको भनाइ छ। असलमका बुवा आलमगिर खान भन्छन्, आगलागीमा पसलभित्र रहेका सम्पूर्ण कपडा, अन्य सामग्री तथा करिब २ लाख रुपैयाँ नगद जलेर नष्ट भएको छ। आगलागीले तीनतले घरमा समेत क्षति पुगेको र पसलमा कार्यरत पाँच जना कर्मचारीको रोजगारीसमेत गुमेको उनले बताए।

खानले, व्यवसाय विस्तारका लागि गोलबजार ११ बलकावास्थित जग्गा धितो राखेर एनआईसी एशिया बैंकबाट २ करोड ८ लाख रुपैयाँ कर्जा लिइएको थियो। आर्थिक समस्याका कारण समयमै कर्जा चुक्ता गर्न नसक्दा बैंकले धितो सम्पत्ति लिलाम गरिसकेको र अझै करिब २ करोड रुपैयाँ दाबी गरिरहेको उनले बताए। आर्थिक अभावकै कारण पसलको बीमा गर्न नसकिएको उनको भनाइ छ।

यता जिल्ला प्रशासन कार्यालय सिरहाले भने कर्फ्युका कारण हालसम्म क्षतिको पूर्ण विवरण संकलन हुन नसकेको जनाएको छ। सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालका अनुसार आइतबार बेलुकि ७ बजेदेखि कर्फ्यु हटाइएको छ भने सोमबारबाट प्रहरी परिचालन गरी आगजनी तथा तोडफोडबाट भएको क्षतिको विस्तृत विवरण संकलन सुरु गरिनेछ। प्रशासनले वास्तविक क्षतिको सरकारी तथ्यांक आउन अझै केही समय लाग्ने जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

## लहानमा ग्यास ...

लैजान खोज्ने र होटल व्यवसायीले समेत आवश्यकताभन्दा बढी सिलिन्डर लिन खोज्दा माग व्यवस्थापनमा कठिनाइ भएको लहान–१ का जितु सिंहले बताउनुभयो। उहाँका अनुसार उपभोक्ताले सहज रूपमा ग्यास नपाउँदा समस्या भोग्नुपरेको छ।

लहानका १८ वटा ग्यास डिलर ( थोक विक्रेता) मा नियमित आपूर्ति हुन नसक्दा मागअनुसार वितरण गर्न समस्या भएको इलाका प्रशासन कार्यालय लहानका प्रमुख वेदनिधि खनालले बताउनुभयो। उहाँका अनुसार आपूर्ति सहज बनाउन सम्बन्धित पक्षसँग समन्वय भइरहेको छ।

## नरहा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**नरहा, सिरहा**
**मधेश प्रदेश, नेपाल**

**सूची दर्ता गराउने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/१८ गते**

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको कार्यालयको लागि आ.व.२०८३।०८४ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित खरिद कार्यहरु तथा सेवा प्राप्त गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को प्रयोजनार्थ मौजुदा सूची तयार गर्नुपर्ने भएकोले उक्त कार्य गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, वा सेवा प्रदायकले रु.१० को टिकट टाँस गरी रितपुर्वकको निवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सुचिकत गर्नपर्ने सेवाको विवरण**

**क.सामान खरिद, उपकरण मर्मत तथा आपूर्ति कार्य**

१. स्टेशनरी सामानहरु (मसलन्द)
२. छपाई सम्बन्धी कार्यहरु
३. पत्र–पत्रिका तथा पुस्तकहरु
४. निर्माण सामाग्री आपुर्ति सम्बन्धी कार्य
५. फर्निचर तथा फिक्सचर सम्बन्धी सामानहरु
६. ईलेक्ट्रोनिक्स उपकरणहरु (कम्प्यूटर, ल्यापटप, प्रिन्टर, टोनररिफिल, कार्टिज, फोटोकापी मेशिन, यु.पि.यस. टेलिफोन सेट, सि.सि.क्यामरा, ए.सि. आदि आपुर्ति तथा मर्मत समेत)
७. सवारी साधन मर्मत (मोटरसाइकल तथा चारपाङ्ग्रे सवारी साधन) पार्टपुर्जा आपुर्ति समेत
८. साना तिना निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य
९. इलेक्ट्रोनिक्स सामाग्रीहरु (सोलार सेट, व्याट्री, सडक बत्ती, पंखा, हिटर तथा अन्य सामाग्रीहरु आदी)
१०. औषधी तथा स्वास्थ्य सम्बन्धी आपुर्ति सम्बन्धी कार्य।
११. हयुम पाइप सम्बन्धी कार्य आदी
१२. इन्धन आपुर्ति सम्वन्धी
१३. अन्य विविध कार्य

**ख. सार्वजनिक निर्माण तथा मर्मत सम्भार कार्य**

१. पूर्वाधार जन्य भौति निर्माण (भवन, पुल, कलभर्ट, सडक, नाला, ढल आदी)
२. अन्य विविध कार्य

**ग. सेवा कार्य**

१. नेटवकिङ्ग, Website को डिजाइन, सप्टवेयर र दक्ष जनशक्ति सपलाई सम्वन्धी कार्य
२. प्राविधिक तथा कार्यालयलाई आवश्यक अन्य परामर्श सेवा
३. विभिन्न तालिम गोष्ठि आदी संचालन
४. विज्ञापन, सूचना प्रकाशन तथा प्रसारण सम्वन्धी कार्य
५. अन्य विविध कार्य

**घ. आवश्यक कागजातहरु**

१. सार्वजनिक खरिद नियमावलि, २०६४ को अनुसूची–२ को ढाँचामा निवेदन
२. फर्म/कम्पनी दर्ता प्रमाण पत्र एवम नविकरण गरेको व्यवसायिक इजाजत पत्रको प्रतिलिपि
३. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
४. मु.अ.क. (VAT) तथा स्थायी लेखा दर्ता (PAN) प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु
५. रु.१००० को राजश्व दाखिला रसिद
६. कालो सुचिमा नपरेको स्वयं घोषणा पत्र।

**नोट:** माथि उल्लेखित वस्तु तथा सेवा आदिमा प्रत्येक विषयगत छुट्टाछुट्टै दरखास्त दर्ता गराउनु पर्नेछ। रित नपुगि आएको निवेदनलाई मान्यता दिइने छैना प्राप्त निवेदनहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


# मधेसमा जलसंकट : ६० प्रतिशतभन्दा बढी पम्पमा आउन छाड्यो पानी



काठमाडौं, १८ साउन। राष्ट्रियसभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिले 'मधेसमा खानेपानी, सरसफाइ तथा जलस्रोत व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन' सभामा पेस गरेको छ। सोमबार (साउन १८) समितिका सभापति डा. कृष्णप्रसाद पौडेलले बुझाएको प्रतिवेदनमा मधेस प्रदेशका करिब ६० प्रतिशत चापाकलमा पानी आउन छाडेको र समग्र जनजीवनमा नकारात्मक असर देखिएको उल्लेख छ। धनुषाको हंसपुरसहितका क्षेत्रमा त ९० प्रतिशतसम्म चापाकलमा पानी सुक्दा खानेपानी, सरसफाइ मात्र नभएर पूरै जनजीवन नै प्रभावित भएको प्रतिवेदनमा उल्लेख छ। चुरे संरक्षण, गिट्टी, बालुवा उत्खननको नियन्त्रण र भूउपयोगमा सुधार तराई मधेस क्षेत्रको पानी संकटको स्थायी समाधान भएको प्रतिवेदनमा औँल्याइएको छ।

"जलवायु परिवर्तनले वर्षाको समय र ढाँचामा परिवर्तन हुनु, सुक्खायामको अवधि लम्बिनु, वाष्प उत्सर्जन (इभ्याकुएसन)मा वृद्धि हुनु तथा भूमिगत जल पुनर्भरणको प्राकृतिक चक्रमा अनिश्चिता थपिनुजस्ता कारणले जलस्रोत व्यवस्थापन आज मधेस प्रदेशको प्रमुख चुनौती बन्न पुगेको छ," राष्ट्रियसभामा प्रतिवेदन प्रस्तुत गर्दै सभापति डा. पौडेलले भने।

मधेसमा पानीको उपलब्धता घट्दै गएको उनले उल्लेख गरे। उनले भने, "जलभण्डारको भरपर्दो र व्यावहारिक स्रोतका रूपमा रहेका भूमिगत जलको अत्यधिक दोहनको दबाब बढ्दै गएको र पानीको उपलब्धता घट्दै गएको देखिन्छ।" भूमिगत जलसतह दुईदेखि तीन मिटरभन्दा बढी घटेको पाइएको उनले बताए। यसबाट मधेस प्रदेशमा ट्युबेल तथा इनारमा पानी आउन छाडेको उनले जानकारी दिए। र, खानेपानी आपूर्ति र कृषि उत्पादन दुवै क्षेत्रमा असर परेको उनले बताए। "मधेस प्रदेशका आठवटा जिल्लालाई समेटेर गरिएको अध्ययनले प्रदेशका पश्चिम र मध्यभागका जिल्लाहरूमा भूमिगत जलस्तर तीन मिटरभन्दा बढी घटेको र हाते पम्पको सक्सन सीमा सतहबाट सात/आठ मिटरभन्दा तल झरेकोले ६० प्रतिशतभन्दा बढी हाते पम्पबाट पानी आउन छोडेको छ," प्रतिवेदन प्रस्तुत गर्दै उनले भने।

पुनर्भरणको अभावमा डिपबोरिङबाट समेत पानी आउन छाडेको उनले बताए। "धनुषाको हंसपुरसहितका स्थानमा ९० प्रतिशत हाते पम्पबाट पानी आउन छाडेको पाइएको छ," उनले भने, "यसले खानेपानी आपूर्तिलगायत स्वास्थ्य संस्था, विद्यालय तथा स्थानीय जीविकोपार्जन प्रणालीमा नकारात्मक असर पारेको छ।" उनले तराई मधेसमा भूमिगत जलभरणको स्रोत चुरे क्षेत्र भएको उल्लेख गरे। उक्त क्षेत्रको विनाश मधेसका निम्ति संकट बनिरहेको उनले बताए। यो समस्याको समाधान नखोजे मधेसको भूमिगत जलसतहको पुनर्भरण स्थायी संकटमा पर्ने उनले औँल्याए।

"चुरेभावर क्षेत्रले मधेसको भूमिगत जलभरणमा मेरुदण्डको काम गर्दछ। यसले तराईमा उत्तर–दक्षिण भूमिगत जल प्रभाहलाई कायम राख्दछ," उनले भने, "वन विनाश, भू–उपयोग परिवर्तन, गिट्टी, बालुवा उत्खनन र सतह सिलिङका कारण महत्त्वपूर्ण पुनर्भरण क्षेत्रमा आएको ह्रासले भूमिगत जलको पुनर्भरण प्रभावित भएको छ।" यो समस्याको स्थायी समाधान भनेकै चुरे क्षेत्रको संरक्षण भएको उनले बताए। "चुरे क्षेत्रको संरक्षण र पुनर्भरणको व्यवस्था नै तराई मधेस क्षेत्रको पानीको समस्याको एक मात्र स्थायी समाधान हो," उनले भने।

समितिले उपसमितिको स्थलगत अध्ययन र राष्ट्रसंघीय निकाय युनोप्स् नेपालको प्रतिवेदन तथा विज्ञ र सरोकारवालासँगको छलफलका आधारमा रिपोर्ट तयार पारिएको जनाएको छ।

# बर्दिबासमा भूमिसम्बन्धी काम प्रभावकारी बनाउन सातबुँदे निर्णय

**अजय शाह**

महोत्तरी, १८ साउन। बर्दिबास नगरपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन, प्रमाणीकरण र नाप–नक्सासम्बन्धी कार्यलाई तीव्रता दिने उद्देश्यले सातबुँदे निर्णय गरेको छ।

नगर प्रमुख प्रह्लादकुमार क्षेत्रीको अध्यक्षता तथा महोत्तरीका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला भूमि समस्या समाधान समितिका अध्यक्ष इन्द्रदेव यादवको उपस्थितिमा बसेको बैठकले भूमिसम्बन्धी कामलाई प्रभावकारी बनाउन विभिन्न निर्णय गरेको हो। बैठकमा नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नापी कार्यालय जलेश्वरका प्रमुख, वडा अध्यक्ष तथा सम्बन्धित निकायका प्रतिनिधिको सहभागिता थियो।

बैठकले साउन १७ गतेभित्र प्रणालीमा प्रविष्ट हुन बाँकी रहेका सबै निवेदन अनलाइन प्रणालीमा प्रविष्ट गर्ने निर्णय गरेको छ। साथै, एउटै व्यक्ति वा परिवारका तर्फबाट एकभन्दा बढी निवेदन परेको अवस्थामा एउटा मात्र कायम गरी बाँकी निवेदन खारेज गरिने निर्णय गरिएको छ।

त्यसैगरी, भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन, प्रमाणीकरण र नाप–नक्सा कार्यमा स्थानीय तह तथा वडा तहमा क्रियाशील राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधिलाई समेत सहभागी गराइने निर्णय भएको छ।

बैठकले निवेदन दर्ता भएपछि विवरण तत्काल प्रणालीमा प्रविष्ट गरी निस्सा उपलब्ध गराउने, वडा कार्यालयले प्राप्त विवरण सार्वजनिक सूचना टाँस गरी दाबी–विरोधसम्बन्धी उजुरीको आवश्यक छानबिनपछि मात्रै अन्तिम प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने निर्णय पनि गरेको छ।

यस्तै, वडाबाट प्रमाणीकरण भएका विवरण नगर कार्यपालिकाबाट स्वीकृत गराई जिल्ला भूमि समस्या समाधान समितिमा पठाइने, भूमिहीन तथा अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणमा वडा कार्यालयले सहजीकरण गर्ने तथा स्थानीय र वडा स्तरीय भूमि समस्या सहजीकरण समितिमा सम्बन्धित डिभिजन वा सब–डिभिजन वन कार्यालयका प्रतिनिधिको अनिवार्य सहभागिता सुनिश्चित गरिने निर्णय भएको छ।

बैठकले भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन सकिने जग्गाको पहिचान गरी नाप–नक्साका लागि जिल्ला भूमि समस्या समाधान समितिमा सिफारिस गर्ने तथा अव्यवस्थित बसोबासीको वर्गीकरण र मापदण्डअनुसार दस्तुर निर्धारण गरी जिल्ला समितिमा सिफारिस गर्ने निर्णयसमेत गरेको छ।

बैठकका निर्णय कार्यान्वयनमा आएसँगै बर्दिबास नगरपालिकाभित्र भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन, प्रमाणीकरण र लालपुर्जा वितरण प्रक्रियाले थप गति लिने अपेक्षा गरिएको छ।

# सव–डिभिजन वन कार्यालय बन्दीपुरका प्रमुख यादवविरूद्ध भ्रष्टाचार मुद्दा दायर

काठमाडौँ, १८ साउन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला सिरहाको सव–डिभिजन वन कार्यालय, बन्दीपुरका कार्यालय प्रमुख (अधिकृत आठौँ) राम केवल राय यादवविरूद्ध सोमबार विशेष अदालत, काठमाडौँमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार उद्योगका लागि ल्याइएको काठ सिलबन्दी अनुसार भए/नभएको रुजु गरी सम्बन्धित कागजातसहितको फाइल फिर्ता गर्ने क्रममा सेवाग्राहीलाई दुःख हैरानी दिई घुस मागेको भन्ने सूचना तथा उजुरीका आधारमा आयोगको कार्यालय, बर्दिवासबाट खटिएको टोलीले उनलाई सेवाग्राहीबाट रु.१२ हजार घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो।

अनुसन्धानबाट कार्यालय प्रमुख रायले काष्ठ उद्योगमा ल्याइएका काठ बोकेका ट्रकहरूको सिल खोलेको मुचुल्का गरिदिएबापत विभिन्न बहाना बनाई सेवाग्राहीलाई दुःख हैरानी दिँदै बार्गेनिङ गरी रु. १२ हजार घुस लिएको पुष्टि भएको आयोगको दाबी छ।

आयोगले उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर भएको ठहर गर्दै बिगो रु. १२ हजार कायम गरी सोही ऐनबमोजिम कैद तथा बिगो बराबर जरिवानाको सजाय मागदाबी सहित आज विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरेको जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट** : मार्गानुगामी दैनिक **कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)